नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

(छाप: नेपाल सरकार प्रदेश प्रमुख सुदूरपश्चिम प्रदेश धनगढी, नेपाल)

## बकर ईद (ईद उल अजहा) पर्व, २०८३ को शुभकामना सन्देश

इस्लाम धर्मावलम्वीहरुको महान् चाड बकर ईद (ईद उल अजहा) पर्वको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदिवहिनी तथा दाजुभाइहरुमा सुख, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

मुस्लिम समुदायको ठुलो चाडको रुपमा रहेको यो बकर ईद (ईद उल अजहा) पर्व आपसी रिस, राग र द्वेसलाई बिर्सेर भाईचारा र पारिवारिक मिलनको रुपमा मनाउने गरिन्छ। नेपाल जस्तो भौगोलिक, जातीय र सांस्कृतिक विविधता भएको समाजमा विविधताका विच विभिन्न यी र यस्तै पर्वहरुले हाम्रो मुलकमा धार्मिक सहिष्णुता, सामाजिक सद्भावको वातावरणलाई अझ मजबुत बनाउन सहयोग पुग्नेछ भन्ने मैले विश्वास लिएको छु।

अन्तमा, यस पर्वले सम्पूर्ण नेपालीहरुका विचमा आपसी सद्भाव, समझदारी, समन्वय, मेलमिलाप एवम् भाइचाराको भावनाका साथै राष्ट्रिय एकताको सोच अभिवृद्धि गर्न प्रेरणा मिलोस् भन्ने कामना गर्दै पुनः शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद!

२०८३ जेठ १४ गते, विहिवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख